श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७६/०७७ सालको निर्णय नं. ७८

पुनरावेदन नं. : ०७६-RB-००६२

पुनरावेदन दर्ता मिति २०७६।६।५

जिल्ला काठमाडौ का.म.न.पा.वडा नं.३ बस्ने हरिबहादुरको छोरा वर्ष ४१ का कृष्ण पौडेल........................................................................................ पुनरावेदक

**विरूद्ध**

त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत चुडाराज सापकोटा समेतको प्रतिवेदनले नेपाल सरकार.................................................................................... प्रत्यर्थी

**मुद्दाः सुन चोरी पैठारी**

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख भन्सार प्रशासक श्री गजेन्द्र कुमार ठाकुर

शुरु निर्णय गर्ने कार्यालय :- त्रिभुवन विमानस्थल भन्सार कार्यालय

शुरु निर्णय मिति :- २०७६/०५/०९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ताद्धय श्री लालबहादुर फुयाल र राम प्रसाद पोखरेल

प्रत्यर्थीको तर्फबाटः विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत र विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७६।०५।०९ को निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा

६(१) बमोजिम प्रतिवादी कृष्ण पौडेलको पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

## मुद्दाको तथ्य

१. मिति २०७५।०९।०७ गतेका दिन दिउँसो करिव ०३:३० बजेको समयमा INDIGO AIRLINES बाट काठमाण्डौं आएका नेपालको राहदानी नं. १०१४७२०५ वाहक कृष्ण पौडेललाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा रहेको एक्सरेमा चेकजाँच गर्ने क्रममा निजको साथवाट जम्मा ११९ ग्राम तौल रहेको सुनको सिक्री, ब्रासलेट र औंठी आकारको सुन बरामद भएको र सो सुन निजले आफ्नै हातेझोलामा ल्याएको भनी स्वीकार समेत गरेको हुँदा सो सुनको जम्मा मूल्य रु.५,९९,८७९।— बराबरको ११९ ग्राम सुन बरामद गरी त्रिभुवन विमान स्थल भन्सार कार्यालयका गोल्ड सिल्भर टेक्नीसियनबाट समेत परिक्षण गराउँदा उक्त बस्तु बहुमुल्य धातु सुन नै भएको भनी प्रमाणित भएको हुदाँ भन्सार ऐन,२०६४ बमोजिम कारवाही गरिपाँउ भन्ने व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत चुडाराज सापकोटा समेतको प्रतिवेदन साथ बरामद भएको सुन, बरामदी मुचुल्काको कागज र मानिस कृष्ण पौडेल मिति २०७५।०९।०८ गते त्रिभुवन विमान स्थल भन्सार कार्यालयमा दाखिल भएको ।

२. मिति २०७५।०९।०७ गतेका दिन दिउँसो करिव ३:३० बजेको समयमा INDIGO AIRLINES बाट काठमाण्डौं आउँदा त्रिभुवन विमानस्थलको अन्तराष्ट्रिय आगमन तर्फको त्रि.वि.भन्सार कार्यालयको यात्रु जाँचपास तथा सहजिकरण शाखाको वाक थ्रु एरियामा भन्सारका कर्मचारीहरुले एक्सरेमा चेकजाँच गर्दा मेरो शरिरमा लगाएको अवस्थामा म बाट सुनको सिक्रि थान-१, पत्थर सहितको सुनको औंठी थान-१ र सुनको ब्रासलेट थान-१ गरी जम्मा पत्थर समेत ११९ ग्राम सुन बरामद भएको हो, बरामदित सुन मेरो आफ्नै हो, मेरो व्यक्तिगत प्रयोगको लागी मैले सधै लगाउने गरेको सुन हो, अरु कसैले पठाएको वा मगाएको होइन, उक्त सुनको भन्सारमा घोषणा गरेको छैन, मेरो श्रीमती भारतको जयपुरमा नोकरी गर्छिन, मेरो बच्चा पनि जयपुरमा पढ्छ त्यसैले म भारतको जयपुर गईराख्छु, सुनको गहना ५० ग्राम र चाँदीको गहना ५०० ग्राम सम्म मात्र ल्याउन पाइने र सो भन्दा बढी ल्याउन नपाइने भन्ने नेपालको कानूनको बारेमा मलाई थाहा भएन, अनजानवस भएको कार्यलाई मनन गरी एक पटकलाई माफँ पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक कृष्ण पौडेलले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा मिति २०७५।०९।०७ मा गरेको बयान।

३. प्रतिवादी कृष्ण पौडेलले बरामद भएको सुन चोरी पैठारी गरेको होइन भनी जिकिर गरेता पनि बयानमा कहीँ कतै पनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञापनपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएकोले प्रतिवादीबाट बरामद भएको सुन भन्सार ऐन,२०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएको ठहर्छ । सो ठहर्नाले भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१) बमोजिम निज प्रतिवादीबाट बरामद भएको ११९ ग्राम सुन जफत गरी, भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१) बमोजिम प्रतिवादीबाट जफत भएको सुनको विगो मूल्य रु.५,९९,८७९।—बराबर जरिवाना हुने ठहर्छ भनि त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६।०५।०९ मा भएको निर्णय ।

४. बरामद गरिएको सुन, मध्य हातमा लगाउने औँठी मिति २०७३।०३।१८ गते र घाँटीमा लगाउने सिक्रि मिति २०७३।०८।११ गतेका दिन महाराजगंज नारायणगोपाल चोक स्थित नमस्ते नेपाल सुनचाँदी गहना पसल प्रा.लि. बाट क्रमशः रु.१,१४,०३०।— र रु.३,१५,२००।— रकम तिरि खरिद गरी लिएको र हातमा लगाउने ब्रासलेट म पुनरावेदकले भारत स्थित ससुरालि गएका बखत जयपुर स्थित J.K.J and Sons Jewellery House Pvt.Ltd. बाट मिति सन् २०१७।१०।२९ गतेका दिन भारु.१,१४,५००।— तिरी खरिद गरी लिएको र सो को बिल भर्पाई म संग रहेको हुनाले चोरी पैठारी गरि ल्याएको नभइ ३/४ वर्ष अघिदेखि लगाउदै आई रहेको सुन हो, बरामदित सुन हाते झोलामा ल्याएको नभइ मैले लगाएको अवस्थामा बरामद गरिएको हो सो कुरा बरामदि मुचुल्कामा मैले हस्तलिखित रुपमा जनाएको छु, म पुनरावेदक पटक पटक आवत जावत गर्ने गरेको हुँदा सो मैंले लगाएको सुनको खरिद गरेको विल समेत म संग रहेको अवस्थामा उक्त सुन मैले चोरी पैठारीको माध्यमबाट ल्याएको नभै विसुद्ध रुपमा व्यक्तिगत प्रयोजनको लागी आधिकारीक सुन पसलबाट खरिद गरी लिएको हुनाले भन्सार ऐन,२०६४ को दफा १८(क) बमोजिम प्रज्ञापन पत्र भर्नु पर्ने सामान नरहे नभएको हुँदा यस्तो व्यक्तिगत प्रयोजनको सुन लाई चोरी पैठारीको सामान ठानी त्रिभुवन विमान स्थल भन्सार कार्यालयबाट भएको निर्णय न्यायको सर्वमान्य सिद्धान्त विपरित भै उक्त निर्णय त्रुटीपूर्ण रहेको हुनाले उक्त निर्णय बदर गरि मेरो जफत भएको सुन एवं धरौटी रकम समेत फिर्ता हुने गरी न्याय दिलाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक कृष्ण पौडेलका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०६।०५ मा परेको पुनरावेदन पत्र ।

५. मुलुकी फौजदारी कार्याविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७६।०८।१३ को यस न्यायधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

६. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्धय श्री लालबहादुर फुयाल र राम प्रसाद पोखरेलले पुनरावेदक प्रतिवादीले नेपालमा नै खरिद गरेका सुनका गहना (औंठी सिक्री र ब्रासलेट) लगाएर भारतमा सधै आउ जाउ गर्ने क्रममा भारतबाट नेपाल आउने क्रममा बरामद गरी पक्राउ परेको अवस्था छ नेपालको कानूनले नेपालबाट कानून बमोजिम खरिद गरिएका बिल सहितका सुनाका गहना लगाउनका लागी परिमाणात्मक बन्देज लगाएको अबस्था छैन । कानूनले बन्देज नलगाएको कार्यमा शुरु कार्यालयले सुन बरामद गरी जफत गर्ने र जरिवाना समेत गर्ने गरी गरेको निर्णयबाट पुनरावेदकको संबैधानिक हक हनन भएको हुँदा उक्त निर्णय बदर गरी सफाई पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

७. प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत र विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले पुनरावेदकले बयानमा बरामद भएको र सुन ल्याएको होइन भन्न सकेको अवस्था छैन, हरेक नागरिकले आफ्नो काम कानून विपरितको छ की छैन भन्ने जानकारी राख्नु पर्ने हुन्छ विदेशबाट नेपाल आउँदा ५० ग्राम भन्दा बढी सुन लगाउन(ल्याउन) नपाउने व्यवस्था भएको र ऐन मौकामा विल भरपाई समेत पेश गर्न नसकेको समेत हुँदा शुरुको निर्णय कानूनसम्मत भएकोले सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाट मिति २०७६।०५।०९ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. पुनरावेदक प्रतिवादी भारत हुँदै नेपाल आउने क्रममा त्रिभुवन विमानस्थल कार्यलयको वाक थ्रु एरियामा सुन(गहना) ११९ ग्राम लिएर आउदा चेक जाँचका क्रममा फेला पारी सुन बरामद गरी पक्राउ गरेको, बरामद सुन जफत गरी सुनको विगो जरिवाना समेत हुने गरी भएको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७६।५।९ को निर्णय उपर चित्त नबुझाई प्रतिवादी कृष्ण पौडेलको तर्फबाट यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदनपत्र दर्ता हुन आएको देखियो ।

१०. पुनरावेदकको पुनरावेदन जिकिर हेर्दा मुख्यतः प्रतिवादीले आफुबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट बरामद गरिएको सुन आफ्नो भएको, सिक्री र औंठी नेपालमा र ब्रासलेट भारतमा गएको बखत आफैले लगाउने प्रयोजनका लागी खरिद गरेको हो खरिदको बिल समेत छ । आफु नेपालमा बस्ने गरेको र आफ्ना श्रीमती र छोरीहरु भारतमा नोकरी एवं पढाई गरी बस्ने गरेको हुँदा उनिहरुलाई भेटघाट गर्न भारत आउजाउ गर्दा उक्त सुन लगाएर आउजाउ गर्ने गरेको यसै क्रममा भारतबाट नेपाल फर्किंदा अन्तिम पटक मिति २०७५/९/७ मा लगाएर नै आएको अबस्थामा बरामद गरिएको हो । लुकाई ल्याएको होइन चोरी पैठारी गरी लाभ लिने उद्धेश्यले लिएर आएको होइन साथैमा बिल भएका कारण भन्सारमा घोषणा नगरेको हो। व्यक्तिगत रुपमा लगाउने प्रयोजनका लागी खरिद गरेको सुनका गहना भन्सारमा प्रज्ञापनपत्र भर्नु पर्ने हुँदैन । लगाएकै अवस्थामा बरामद गरेको सि.सि.टि.भि फुटेजबाट समेत पुष्टी हुने हुँदा मैले लगाएको सुन जफत गरी जरिवाना गर्ने गरी भएको भन्सार कार्यालयको निर्णय कानून र न्यायको रोहमा त्रुटिपूर्ण हुँदा बदर गरी बरामद सुन (गहना) र धरौट रकम फिर्ता पाउँ भनी जिकिर लिएको पाइन्छ ।

११. पुनरावेदक प्रतिवादीले आँफु पटक पटक त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल हुँदै हवाई मार्गबाट भारत दिल्ली आउजाउँ गर्ने गरेको कुरा स्वीकार गरेका छन । हवाई मार्ग हुँदै एक देशबाट अर्को देशमा आवत जावत गर्ने व्यक्तीले एक अर्का देशको अध्यागमन एवं भन्सार जाँचपास सम्बन्धी कानून र अपनाउनुपर्ने कार्यविधिका बारेमा सचेत हुनु पर्ने हुन्छ । पटक पटक बिदेश जाने र स्वदेश फर्किने कार्य गर्ने गरेका यि प्रतिवादी यस्ता कुरामा सचेत थिएनन भनी अनुमान गर्न सकिने स्थिती रहदैन ।

१२. प्रतिवादीबाट बरामद भएको सुन (गहना) सिक्री, ब्रासलेट र औंठी गरी जम्मा ११९ ग्राम भएको कुरामा विवाद देखिँदैन । उक्त सुन आफ्नै व्यक्तिगत प्रयोजनका लागी औंठी र सिक्री नेपालमा र ब्रासलेट भारतमा खरिद गरी संधै लगाइ राखेको र बिल समेत छ भनी प्रतिवादीले दावी गरेको अवस्था छ । नेपाल सरकारबाट मिति २०७३/४/१ गते देखी लागु हुने गरी प्रकाशित गरेको निजी गुण्टा झिटी भारी सम्बन्धी सूचनाको दफा ६ को उपदफा १ मा सुनका गहना ५० ग्राम सम्म भन्सार महसुल पूर्ण छुटमा ल्याउन पाउने भन्ने व्यवस्था छ । पुनरावेदक प्रतिवादीले पैठारीमा बन्देज लगाएको परिमाणको सुन (गहना) लगाएर/ लिएर नेपाल भित्रिदाँ भन्सार महसुल नलाग्ने वा आफ्नो हो भनि दावी गर्न वा स्वामित्व ग्रहण गर्नका लागी नेपालबाट बिदेश जाँदा पनि भन्सारमा घोषणा गरी जानु पर्ने

विधायिकी मनसाय रहेको अवस्था देखिन्छ । खरिद गरेको बिल भरपाई छ भन्दैमा कानूनतः निषेधित परिमाणमा सुनका गहना लगाएर वा लिएर विदेशबाट नेपाल आगमन गर्न वा नेपालभित्रै पनि हिडडुल गरी तडक भडक देखाउन कानूनत मिल्ने देखिदैन साथै प्रतिवादीले बरामद सुन आफ्नो भएको, व्यक्तिगत सोखका लागी लगाएर हिड्ने गरेको, बिल भएकोले भन्सार घोषणा नगरेको भनी मुलतः सुन आफ्नो भएको र भन्सार घोषणा नगरेको कुरा स्वीकार गरेको देखिँदा पैठारीका लागी परिमाणात्मक बन्देज लगाएको मालबस्तु सुन(गहना) लिएर वा लगाएर नेपाल आउँदा अपनाउनु पर्ने कानूनी शर्त बन्देजबाट प्रतिवादीले छुट पाउन सक्ने नदेखिँदा सुनको गहना गैर कानूनी तवरमा पैठारी भएको होइन छैन भन्ने पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन ।

१३. तसर्थ, माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा प्रतिवादी कृष्ण पौडेलबाट बरामद भएको सुन भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी गरेको ठहर्याई सोही ऐनको दफा ५७(१) बमोजिम बरामद सुन जफत गरी निज प्रतिवादीलाई बरामद सुनको बिगो रु.५,९९,८७९/- जरिवाना गर्ने ठहर्याई शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६/५/९ मा भएको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसील बमोजिम गर्नू।

## तपसील

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु-----------------------१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु-------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु------------------------------------------३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-

विश्वराज कुइकेल(शाखा अधिकृत)

इति सम्वत् २०७६ साल पौष महिना ७ गते रोज २ शुभम् ..........................